म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३ शुक्रबार, ६ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 22 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २ सय ६५ किलो गाँजा नष्ट

हेटौंडा, ५ भदौ/मकवानपुरको थाहा नगरपालिकाबाट बरामद गाजा प्रहरीले नष्ट गरेको छ । बरामद गाँजालाइ जनप्रतिनिधि र स्थानीय सहित पत्रकारको रोहबरमा पालुङ खोलाकिनारामा जलाएर नष्ट गरिएको हो ।

इलाका प्रहरी कार्यालय पालुङको टोलीले राजमार्ग हुँदै अवैध लागुऔषध गाँजा ढुवानी भइरहेको विशेष सूचनाका आधारमा साउन १३ गते त्रिभुवन राजपथअन्तर्गत नौखण्डे-नौबिसे खण्डअन्तर्गत थाहा-१२ तारुकामा काठमाडौंतर्फ जाँदै गरेको बीएबी ५४०९ नम्बरको बोलेरो पिकअप गाडीमा करिब २ सय ६५ किलो १ सय १८ ग्राम गाँजा फेला परेको थियो ।

गाडी छाडेर चालक फरार भएका कारण प्रहरीले गाडी नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । बरामद गरिएको गाँजा, गाडी र घटनाबारे आवश्यक कारबाहीका लागि थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।

### भारत-चीनबीच भएको लिपुलेक सहमतिले तात्यो संसद: एक ठाउँमा उभिए सत्तापक्ष-प्रतिपक्ष

# 'लिपुलेक नेपालको अभिन्न भू-भाग हो' परराष्ट्र मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमार्फत् चीन-भारतको द्विपक्षीय व्यापार सम्झौताको विषयले नेपालको संसदमा प्रवेश पाएको छ ।

प्रतिनिधिसभाको बिहीवारको बैठकमा भारत र चीनलाई क्षेत्र मार्फत व्यापार गर्न दिन नहुने भन्दै सत्ता र प्रतिपक्षी दलका सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका हुन् । बैठकमा नेकपा (एमाले)का मुख्य सचेतक महेश बर्तौलाले लिपुलेक नेपालको अभिनन अंग भएको बताएका छन् । उनले लिपुलेक, लिम्पियाधुरा र कालापानीजस्ता नेपालका अभिन्न अंगमाथि नेपालको स्वीकृतबिना सीमा व्यावार गर्ने भारत र चीनबीचको सहमतिको आफूहरु विरोध गर्ने बताए ।

'नेकपा (एमाले) संसदीय दलको तर्फबाट उहाँहरु (चीन र भारत)बीच भएको सहमतिको विरोध गर्न चाहन्छौं । हामी यसमा असहमति जाहेर गर्न चाहन्छौं । भूगोल, अर्थतन्त्र र जनसंख्यामा कुनै देश सानो ठूलो हुनसक्छ' उनले भने-'तर, देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकताका हिसावले सानो ठूलो हुन सक्दैनन् । हाम्रो देशको स्वतन्त्रता, स्वाधीनतामाथि आधात पुग्ने गतिविधि भयो भने त्यसको हामी विरोध गर्छौं, प्रतिवाद गर्छौं ।' त्यसैगरी नेकपा (माओवादी केन्द्र)का प्रमुखसचेतक हितराज पाण्डेले चीन र भारतकीचको सम्झौताले नेपाल आमालाई दुखिरहेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

उनले नेपाललाई जानकारी समेत नदिई सीमा व्यापार गर्ने सहमतिप्रति माओवादी केन्द्रको गम्भीर ध्यानाकर्षण भएको बताउँदै आपत्ति जनाए । कुनैपनि सरकारको कामभित्र गर्ने राष्ट्रिय स्वाधीनताको रक्षा गर्न कुटनीतिक र राजनीतिक पहल अगाडि बढाउन उनले आग्रह गरे । नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमार्फत चीन-भारतको द्विपक्षीय व्यापार सम्झौताको विषयलाई घरेलु राजनीतिको विषय बनाउन नहुने बताएका छन् ।





थापाले यस्तो नेपालको सहभागिताबिना भारत र चीनबीच भएको सहमति स्वीकार्य नहुने भन्दै यस विषय उग्र राष्ट्रवाद देखाउन आवश्यक नरहेको बताए । उनले यस विषयमा नेपालका सबै राजनीतिक दलहरुले एक ठाउँमा उभिएर हाम्रो भूमिमाथि आँखा लगाउने कुरा स्वीकार्य नुहने सन्देश दिनुपर्ने धारणा राखे । 'यो विषयमा नेपालका सबै राजनीतिक दलहरु एक ठाउँमा उभिनुपर्छ । हिजो पनि उभियौं, आज पनि हामी उभिनुपर्नेछ । म नेपाली काँग्रेसको तर्फबाट सबै दलहरुलाई आग्ह पनि गर्न चाहन्छु, हाम्रा मतान्तर र प्रतिष्पर्धा आफ्नो ठाउँमा छन् । हामी कोही पनि यो विषयलाई घरेलु राजनीतिको विषय नबनाऔं, उग्रराष्ट्रवादी हुनेतर्फ पनि हामी नलागौं ।'

महामन्त्री थापाले भने, 'यो विषयमा भारत र चीन दुवैलाई नेपाली राजनीतिक दलहरुले एउटै सन्देश दिनुपर्छ-हाम्रो भूमिमाथि आँखा लगाउनु कुरा हामी कसैलाई पनि स्वीकार्य छैन । नेपालले यसको प्रतिवाद गर्छ । हामीले यस्तो पोजिसन बनाउनुपर्नेछ ।' सहमतिबारे नेपाली काँग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले सरकारलाई ६ बुँदे सुझाव पठाएको भन्दै त्यसतर्फ पनि सरकारको ध्यानाकर्षण गराए । परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको स्पष्ट पारेको छ । नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सीमा व्यापारको सहमति भएलगत्तै परराष्ट्र मन्त्रालयले प्रेस नोट निकालेर यसबारे प्रष्ट पारेको हो ।

भारत सरकारलाई त्यस क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको तीनबुँदे वक्तव्यमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको क्षेत्रबारे भारत र चीन दुवै देशलाई जानकारी गराइसकेको पनि उल्लेख छ । 'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र त्यस नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ,' परराष्ट्र मन्त्रालयले भनेको छ । नेपालले कूटनीतिक माध्यमबाट यस मुद्दामा समाधान खोज्न तयार रहेको मन्त्रालयले स्पष्ट पारेको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यीको दुईदिने भारत भ्रमणका क्रममा भारत र चीनले नेपाललाई थाहै नदिएर लिपुलेक नाका प्रयोगबारे सहमति गरेका थिए । लिपुलेक नेपाली भू-भाग हो । यसको उत्तर तर्फ चीनको तिब्बत छ । लिपुलेक भन्दा झन्डै १७ किलोमिटर पश्चिम लिम्पियाधुरा पर्छ, जसलाई नेपालले चीन र भारतसँगको त्रिदेशीय विन्दु मान्दै आएको छ । तर, भारतले नेपाली भूमि अतिक्रमण गरी लिपुलेक नाका हुँदै तिब्बत जाने सडक बनाएको छ र यस क्षेत्रमा सैन्य तथा सामरिक संरचना निर्माण गरेको छ ।

१० वर्षअघि पनि यी दुवै देशले यस्तो सहमति गर्दा नेपालले विरोध जनाएको थियो । सन् २०२० मा पूर्वी लद्दाखमा दुई एशियाली शक्तिराष्ट्रका सैनिकहरुबीच झडप भएपछि यो नाका व्यापारिक प्रयोजनका लागि बन्द थियो । गत डिसेम्बरमा भारत र चीनले नेपाललाई जानकारीबि नै यो नाकाबाट कैलाश मानसरोवर यात्रामा जाने भारतीय तीर्थयात्री आवतजावतका लागि पुन: सुरु गर्ने समझदारी गरेका थिए । हालै उनीहरुले व्यापार सम्झौता गरेको बाहिरिएको छ । नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो भाएको दाबी भारतले अस्वीकार गरेको छ ।

### राजा महाराजाको सेवा गर्न मुख्यमन्त्री भएको होइन: मुख्यमन्त्री बानियाँ

# अन्यायमा परेकालाई न्याय दिन राजनीतिमा

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले आफू राजा महाराजाको सेवा गर्नको लागि मुख्यमन्त्री नभएको बताएका छन् ।

नेपाली कांग्रेस मकवानपुरको आयोजनामा बिहिबार भएको तीज विशेष कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले आफूलाई जनताले जनताकै सेवा गर्नको लागि पठाएको बताए । राजनीति नाफा नोक्सानको लागि नगरिने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले नाफा नोक्सानको लागि व्यापार गर्नुपर्ने र आफूले पनि त्यही गरेको धारणा राखे । विगतदेखि समाजमा अन्यायमा परेकालाई न्याय दिन आफू राजनीतिमा होमिएको उनले बताए । मुख्यमन्त्री बानियाँले जनताप्रति जवाफदेही र निष्ठावान भएर मन्त्रीहरुले पनि काम गर्ने विश्वास व्यक्त गरे ।



उनले प्रदेश सरकारले सबै धर्मप्रति समभाव राख्ने स्पष्ट पारे । धर्म व्यक्तिले धारण गर्ने भएकोले जात र धर्मको आधारमा राजनीति गर्न नहुने उनले बताए । मुख्यमन्त्री बानियाँले विगतदेखि नै कांग्रेसले मानवताको आधारमा राजनीति गर्दै आएको बताए । मानवताकै सिद्धान्तमा अडिग रहेर कांग्रेसकै नेतृत्वमा सशस्त्र जनयुद्ध अन्त्य भएर मुलुक शान्तिप्रक्रियामा प्रवेश गरेको उनले बताए । मुख्यमन्त्री बानियाँले पछिल्लो समय नेपाली कांग्रेसमा फुट र भ्रमको राजनीति बढ्न थालेको बताएका छन् ।

निर्वाचन परिणामलाई नस्वीकारेर पार्टीलाई कमजोर बनाउने गतिविधि कसैले पनि गर्न नहुने नेता बानियाँको भनाई छ । मुख्यमन्त्री बानियाँले महिलाको अस्तित्वलाई संविधानले स्वीकार र अंगीकार गरेको बताएका छन् । उनले महिलालाई आर्थिक उपार्जनको क्षेत्रमा लाग्न आग्रह गरे । प्रदेश सरकारले महिलालाई सीपमूलक काममा लागेर आत्मनिर्भर बनाउने योजनामा रहेको मुख्यमन्त्री बानियाँले उल्लेख गरे । प्रदेश सरकारले महिलाको क्षमता विकासका लागि विभिन्न जीवनोपयोगी तालिम सञ्चालन गरिरहेको उनले बताए । मुख्यमन्त्री बानियाँले संविधान संशोधनमार्फत् नेतृत्व तहमा महिलाको उपस्थितिलाई सुनिश्चित गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले आफ्नो नेतृत्वको सरकार गरिब, निमुखा र आवाजविहीन जनताको पक्षमा दृढतापूर्वक उभिने बताए । उनले प्रदेश सरकारले आर्थिक अवस्था कमजोर भएका गरिब तथा एकल महिलाका बालबच्चालाई पढाउनेदेखि गरिब परिवारका लागि आफ्नै तलबबाट घर बनाइदिनेसम्मका कार्यक्रम अघि सारेको बताए । प्रदेश सरकारले गरिबका छोराछोरीलाई डाक्टर र नर्स पढाउन छात्रवृत्तिको व्यवस्था गरिसकेको उनले बताए । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे, खानेपानी, उर्जा तथा सिंचाई मन्त्री कृष्णकुमार तामाङ, मकवानपुरका पूर्वसभापति रघुरमण न्यौपाने, हेटौंडा उपमहा नगरउपप्रमुख राजेश बानियाँ लगायतको आतिथ्यता रहेको थियो ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**बाख्रा विकास फार्म**
चित्लाङ, मकवानपुर ।

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना !**

प्रकाशित मिति: २०८२।०५।०६ (शुक्रबार)

यस कार्यालको आर्थिक वर्ष २०८२/८३ को लागि आवश्यक पशु आहार खरिद गर्नको लागि मिति २०८२।०४।०२ गते विद्युतीय बोलपत्र माध्यमद्वारा प्रकाशित सूचना नं. GDF/NCB/ GOODS/ 01/2082/083 बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकीत र सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.न. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने मालसामनको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्यांकित रकम रु.(भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | GDF/NCB/GOODS/ 01/2082/083 | Procurement of supply and delivery of bran, goat feed,cattle feed and B2 pellet feed | ABC Enterprises and suppliers. Kathmandu. | ४८,३५,४५०।- (अक्षरेपि: अड्चालिस लाख पैतिस हजार चार सय पचास मात्र) |

**फार्म प्रबन्धक**



# लिपुलेकमात्रै होइन, ७२ ठाउँमा छ सीमा विवाद



प्रभाकर शर्मा

सन् १८१६ को मार्च ४ देखि कार्यान्वयन हुने गरी हस्ताक्षर गरिएको सुगौली सन्धिले इस्ट इन्डिया कम्पनी (पछि बेलायतशासित भारत)सँग नेपालको पूर्वी, पश्चिमी र दक्षिणी सीमालाई पहिलो पटक निश्चित गरेको थियो । सन्धिबारे तत्कालीन नेपाल दरबारको भावनालाई ध्यान दिँदै अंग्रेज सरकारले ११ डिसेम्बर १८१६ मा पूरक सन्धि गऱ्यो । सुगौली सन्धिको धारा ३ अनुसार गुमेको तराईको ३ खण्डको करिब सात हजार वर्गमाइल जमिनको दुईतिहाई जमिन यस पूरक सन्धिबाट नेपालले फिर्ता पायो ।

यसरी जमिन फिर्ता गरेबापत अंग्रेज सरकारले नेपाल सरकारलाई वार्षिक रूपमा तिर्न कबोल गरेको दुई लाख रुपैयाँ नतिर्ने भयो (लुडविग स्टिलर, द साइलेन्ट क्राई) । सन् १८५७-१८५८ सम्म भारतमा चलेको सैनिक विद्रोह दबाउन नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले सघाएबापत इनामस्वरूप सन् १८६० नोभेम्बर १ मा नेपाल र अंग्रेजशासित बेलायतबीच भएको सन्धि नै नेपाल-भारत सीमा निर्धारण गर्ने दोस्रो र अन्तिम पूरक सन्धि बन्न पुग्यो । सोही पूरक सन्धिमार्फत पश्चिम नेपालको राप्ती नदीदेखि काली नदीसम्म फैलिएका चार जिल्ला (कैलाली, कञ्चनपुर, बाँके, बर्दिया) नेपाललाई फिर्ता दिन अंग्रेज सरकार राजी भयो । ती चार जिल्लालाई नयाँ मुलुक पनि भनिन्छ । सुगौली सन्धिमा इस्ट इन्डिया कम्पनीले लगेको तराईका भूभागको पुन: प्राप्तिको यो नै अन्तिम चरण थियो ।

### सीमान्त र सिमाना

कुनै पनि मुलुकको प्रशासनिक तथा न्यायिक क्षेत्राधिकारभित्र पर्ने सीमा क्षेत्र नै सीमान्त (फ्रन्टियर) हो । सामान्यत: सीमान्त क्षेत्र विवादित र अनिश्चित हुन्छ, जहाँ कुनै देशको राजनीतिक नियन्त्रण रहे पनि प्रशासनिक नियन्त्रण भने फितलो हुन्छ । प्राय: मानिस नबस्ने यस्ता भूमि कृषिका लागि अयोग्य, बाँझो र पहुँचबाट टाढा तथा हिमाली क्षेत्र पनि हुन्छन्, जसको रणनीतिक महत्व हुन्छ । सीमान्तको एउटै खण्डमा दुई देशको दाबी हुन सक्छ । तर हिमालय, नदीनाला, गल्छी, दह, पहाडको चुचुरो वा पानीढलोले सिमाना छुट्याउँछन् । नेपाल र चीनको सीमामा प्राकृतिक सीमान्तको काम हिमालयपर्वत शृंखलाले गरेका छन् । रोमन साम्राज्यमा पनि सैन्य तथा अन्य रणनीतीक दृष्टिले आदिवासी शत्रुको प्रतिरक्षार्थ राइन र ड्यान्युब जस्ता सीमान्त नदीलाई उपयोग गरेको पाइन्छ । भू-सिमानालाई एउटा सीमास्तम्भबाट अर्को सीमास्तम्भमा खिचिएका शृंखलाबद्ध रेखाका रूपमा परिभाषित गर्न सकिन्छ ।

पहाडको चुचुरो वा धारहरू यस्ता सीमास्तम्भ ठड्याउने उपयुक्त स्थान हुन् । नदीले सिमाना छुट्याउनुपरेको अवस्थामा भने नदीको मध्यप्रवाहबाट जाने घुमाउरो रेखा नै सीमारेखा बन्न पुग्छ । नदीका द्वीपहरू नहुँदासम्म सीमास्तम्भ ठड्याउन असहज हुने भएकाले दुवै किनारमा सीमास्तम्भ राखी नदीको मध्यधार तोकिन्छ ।

### सीमा उल्लेखन तथा सीमांकन

अन्तर्राष्ट्रिय न्यायालयअनुसार सिमानाको सीमा उल्लेखनअन्तर्गत 'परिभाषा' र 'वर्णन' पर्दछन् । सीमा उल्लेखन भइसकेको अनुमान गरिने भएकाले सीमांकनका क्रममा भौतिक रूपमा सिमाना तोक्ने र सीमास्तम्भ गाड्ने काम गरिन्छ । जमिनले जोडिएका दुई देशबीचको सीमा उल्लेखन र त्यसपछिको सीमांकनका लागि पानीढलो सिद्धान्त अनुसरण गरिन्छ । नदीले जोडिएका देशहरूको सीमांकनका लागि थालवेग सिद्धान्त वा गहिरो प्रवाह सिद्धान्त (नदीका धेरै शाखामध्ये जहाज चलाउन सजिलो सबैभन्दा गहिरो शाखा नै मूल शाखा मान्ने सिद्धान्त) प्रयोग गरिन्छ । जल यातायात नहुने नदीहरूमा भने मध्यवर्ती रेखालाई नै अन्तर्राष्ट्रिय सिमानाका रूपमा लिइन्छ ।

### सीमांकनको इतिहास

नेपाल-भारत सीमांकनको काम सन् १८१७ देखि सन् १८६० सम्म पूर्वको फालेलुङदेखि पश्चिमको ब्रह्मदेव मण्डीसम्म निरन्तर चलेको थियो । त्यस क्रममा नेपाल दरबार र इस्ट इन्डिया कम्पनी र ब्रिटिस सरकारका प्रतिनिधिहरूले ९१८ ओटा सीमास्तम्भ खडा गरेका थिए । यद्यपि कञ्चनपुरको ब्रह्मदेवबाट उत्तरतर्फ काली नदीको उद्गम लिम्पियाधुरासम्म भने सीमांकन भएको थिएन । फालेलुङदेखि झिनस्याङ चुचुरोसम्मको उत्तरपूर्वी सिमानामा पनि सीमास्तम्भ गाडिएको थिएन । सन् १९१२ देखि १९१५ सम्म नेपाल र तत्कालीन 'युनाइटेड प्रोभिन्स अफ आगरा एन्ड अवध'मा पर्ने पिलिभित जिल्लाका केही खण्डमा घुमाउरा नालाहरूमा सीमारेखा पुन: निर्धारण गर्ने काम भयो । त्यस्तै सोही अवधिमा कञ्चनपुर टनकपुरको शारदा नदी नजिकका खण्डहरूमा पनि सीमारेखा पुन: निर्धारण गरिएको थियो ।

सन् १८३९ मा गरिएको सघन सर्वेक्षणपश्चात् ब्रिटिस विद्वान् डा. क्याम्पवेलले नेपाल र सिक्किमको सीमा विवाद हल गर्ने क्रममा मेची नदीको पूर्वी भंगालोलाई आधार मानी विवादित अन्तु डाँडालाई नेपालतर्फ पारेका थिए । नेपाल-भारत सीमान्त क्षेत्रमा गाडिएका स्थायी सीमास्तम्भलाई जंगेस्तम्भ भनिन्छ, जुन २.२ मिटर अग्ला छन् र यिनको शीर्ष भाग २ मिटर लम्बाइ १ मिटर चौडाइको छ । जंगे पिलरको जग एक मिटरको छ भने यसको परिधि तीन मिटरको छ । बेलायती शासन रहँदा र त्यसपछि पनि नेपाल र भारत बीच भएका सिमाना निर्धारणसम्बन्धी अभ्यासमार्फत यी जंगे स्तम्भहरूलाई सीमास्तम्भले प्रतिस्थापन गर्ने गरेका छन् ।

अन्तर्राष्ट्रिय अभ्यासमा मुख्य सीमास्तम्भ पाँच किमिको अन्तरमा र सहायक सीमास्तम्भहरू पाँच सय मिटरको अन्तरमा गाडेको पाइन्छ । धेरै जनसंख्या भएको क्षेत्रमा सहायक सीमास्तम्भहरू हरेक सय मिटरमा पनि ठडाइन्छ । नदी, सडक पार गर्ने ठाउँ तथा मुख्य मुख्य मोडमा अतिरिक्त सीमास्तम्भ पनि राख्ने गरिन्छ । यसरी राखिने प्रधान तथा सहायक सीमास्तम्भको उचाइ क्रमश: २ मिटर र ०.५ मिटरको हुन्छ ।

### विभिन्न सीमा विवाद

नेपाल र भारतबीच धेरै स्थानमा सीमा विवाद रहे पनि सबैभन्दा मुख्य विवाद सुस्ता र लिम्पियाधुरा-कालापानी क्षेत्रमा छ । सन् १९६२ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले भारतीय राज्यसभामा सुस्ताको सीमा विवाद एक पुरानो विवाद भएको टिप्पणी गरेका थिए । सीमा नदी गण्डक (नारायणी)ले बारम्बार बाटो बदलेका कारण सुस्तामा सीमा विवाद सिर्जना भएको हो । सन् १८४५, १९२४-१९२८, १९५४, १९७२, १९८० र १९८९ मा आएका भीषण बाढीका कारण र भारतले गण्डक बाँध तथा त्रिवेणी नहर बनाएका कारण नारायणी नदी नेपालतर्फबाट बग्न थाल्यो । त्यस क्रममा कुनै बेला नदीको पश्चिम किनारामा रहेको सुस्ता क्षेत्र पूर्वी किनारमा पुगेर भारतीय भूमिसँग जोडियो ।

गुगल म्यापले सुस्ता क्षेत्रमा देखाउने नेपाली र भारतीय सीमा रेखा एक अर्कासँग मेल खाँदैनन् । यी दाबीहरू सन् १८१७ मा तयार गरिएको र दुवै सरकार सहमत भएर लागु गरिएको रोजर मार्टिन स्ट्रिप नक्सासँग पनि मेल खाँदैनन् । नेपाल र भारतबीच रहेको अर्को प्रमुख सीमा विवाद भने काली (महाकाली) नदीको उद्गम लिम्पियाधुरा-कालापानी क्षेत्रबारे हो । सन् १८५०, १८५६ र १८६७ मा 'सर्भे अफ इन्डिया'ले तयार पारेको नक्साहरू उल्लेख गर्दै काली नदीको उद्गम लिम्पियाधुरा हो भन्ने नेपालको दाबी छ । अर्कोतर्फ भारतले भने कालीको उद्गम कालापानी वा लिपुलेक पनि नभई त्योभन्दा पूर्वको टिंकर भएको दाबी गर्छ । ब्रिटिस इन्डियाले त्यसपछि सन् १८७९ र १९२५ मा भारतीय कार्टोग्राफरहरूमार्फत सर्भे अफ इन्डियाले बनाएको नक्साहरू मात्रै स्वीकार गर्छ ।

अंग्रेजशासित भारत र स्वतन्त्र भारत दुवैका कार्टोग्राफरहरूले अन्तर्राष्ट्रिय सिमाना नेपालतर्फ नै सार्दै नेपालतर्फको करिब चार सय वर्गकिमि भूभाग दाबी गरेका छन् । सन् १८७९ मा सर्भे अफ इन्डियाले तयार पारेको नक्सामा लिम्पियाधुराबाट बहने नदीको नाम कालीबाट परिवर्तन गरी कुटियाङ्दी राखिएको थियो । यस्तो कार्यले त्रिकोणमितीय सर्वेक्षणको प्रविधिको विकासपछि पनि कसरी नदीको नाम नै परिवर्तन हुन सक्छ भन्ने अन्योल सिर्जना गरिदियो । त्यसपछिका अन्य नक्साहरूमा कालापानी क्षेत्रका विभिन्न नदीहरूलाई काली १, काली २, काली ३ नाम दिएर थप भ्रम सिर्जना गरियो । तीमध्ये केही नक्सामा अन्तर्राष्ट्रिय सीमारेखासमेत हटाइयो । कुनैमा भने अन्तर्राष्ट्रिय सीमारेखा भिन्दाभिन्दै रङ वा अनिश्चित सिमानाका लागि प्रयोग गरिने टुक्रिएका रेखाहरू र कुनैमा साह्रै मसिना रेखा प्रयोग गरियो । यो साँच्चै नै नक्सामा गरिएको हस्तक्षेप थियो । सन् १९६२ को चीन-भारत युद्धभन्दा धेरै अघिदेखि नै भारतीय सेना कालापानीमा तैनाथ थिए भन्ने तथ्य अहिले आएर पुष्टि भएको छ । सम्भवत: उक्त भूमिमा १९५० को दशकको सुरुदेखि नै त्यहाँ भारतीय सेना थिए । भारतले कालापानी क्षेत्रमा सैन्य संरचना र सेनाको संख्या बढाएर सैन्य उपस्थिति अझ सुदृढ पारेको छ ।

### विवाद, अतिक्रमण तथा डुबान

नेपालका २६ ओटा जिल्लाको सिमाना भारतसँग जोडिएको छ । ती सबै जिल्लामा सीमा विवाद र अतिक्रमण भएको छ । यो सीमा विवादमा खुला सिमाना पनि कारक बनेको छ । सीमामा ७२ स्थानमा विवाद र अतिक्रमण भएको अनौपचारिक तथ्यांकले देखाएको छ । त्यस्ता केही अतिक्रमणबारे हामी चिरपरिचित छौं । टनकपुर बाँधका कारण मिचिएको २२२ हेक्टर र शारदा ब्यारेजका कारण मिचिएको १४.८१ हेक्टर नेपाली जमिन त्यसको उदाहरण हो । यसरी नेपाली जमिन मिचेर संरचना बनाउँदा नेपालले कुनै क्षतिपूर्ति पाएको छैन भने शारदा बाँध जस्ता संरचनामा सट्टाभर्ना दिने भनिएको जमिन पनि दिइएको छैन ।

सबैभन्दा धेरै अतिक्रमित भूभाग चाहिँ लिम्पियाधुरा-कालापानी क्षेत्रको चार सय वर्गकिमि र सुस्ताको ४० वर्गकिमि हो । त्यस्तै पशुपतिनगरको हिले, इलामको सन्दकपुर, मेची नदीका केही क्षेत्र, ठोरी, मानेभन्ज्याङ, मानपुर, भीमपुर र अरू थुप्रै ठाउँमा सीमारेखाको दशगजामा भारतीय पक्षले अतिक्रमण गरेको छ । तराईका कतिपय ठाउँमा दशगजाको वारिपारि खोल्सा पनि थिए । दशगजामा सबै ठाउँमा भारतबाट मात्र अतिक्रमण भएको छ भन्ने होइन, केही ठाउँमा नेपालतिरबाट पनि अतिक्रमण भएको छ । सन् १९१५ मा नेपाल-पिलिभित सीमा निर्धारण गर्दा तत्कालीन अंग्रेजशासित भारत र नेपाल दरबारबीच वार्षिक रूपमा दशगजा क्षेत्र रुजु गर्ने सहमति भएको थियो । दुवै देशले आफूखुसी रुजु गर्दा समस्या आउन सक्छ भन्ने तर्क दिँदै अंग्रेजशासित भारतले मात्रै रुजु गर्ने तोकिएको थियो ।

तर वार्षिक रूपमा दशगजा क्षेत्र रुजु गर्ने काम रोकिएका कारण त्यहाँ अतिक्रमण भएको छ । नेपाल-भारत सिमानाको अर्को मुख्य समस्या डुबान हो । नेपालबाट जाने नदीहरूमा भारतले नेपाल-भारत सिमानाको नजिकै पर्ने गरी बाँधहरू बनाएको छ । यी बाँधका ढोका बन्द गरिदिँदा पानी जमेर नेपालतर्फ डुबान हुन्छ, जसले गर्दा बालीनालीमा क्षति पुग्छ भने स्थानीयलाई बसोबासका लागि कठिन हुन्छ । भारतले सीमा क्षेत्रमा तटबन्ध पनि बनाएको छ, जसले वर्षामा प्राकृतिक बहाव रोकिन गई डुबान गराउँछ । भारतले कपिलवस्तु जिल्लाको नेपाल-भारत सीमा नजिकैको महलीसागरमा समेत बाँध निर्माण गरेको छ, जसले डुबान गराउँछ । त्यस्तै राप्ती नदीको लक्ष्मणपुरमा बनाएको बाँध र नदीमा बनाएको २० किमि तटबन्धका कारण नेपाली भूमि जलमग्न हुन्छ । साथै दानव-घांगी नदीमा रहेको रसियावाल खुर्दलोटन बाँधका कारण नेपालको मर्चवार क्षेत्र डुबानमा पर्छ । यी र अन्य बाढी प्रभावित क्षेत्रका स्थानीयले समस्याको समाधानका लागि भारत सरकारसँग पहल नगरेको भन्दै नेपाल सरकारको आलोचना गर्ने गरेका छन् ।

### समाधान के ?

अहिले नेपालको क्षेत्रफल लगभग १,४७,१८१ वर्गकिमि छ । भारतसँगको सिमाना भने १८५० किमि लामो छ । यो सिमानाका ठाउँ-ठाउँमा रहेका सीमा विवाद सल्टियो भने नेपालको कुल क्षेत्रफलकै आँकडा फेरिनेछ । नेपाल-भारत सीमाको करिब ९७ प्रतिशत सीमांकनको काम सम्पन्न भइसकेको छ, जसअन्तर्गत ८५५३ ओटा सीमास्तम्भ ठड्याइएका छन् भने तीमध्ये ९१८ ओटा मुख्य स्तम्भ हुन् । हालसम्म सीमासम्बन्धी १८२ ओटा स्ट्रिप नक्सामा हस्ताक्षर भइसकेको छ । नेपाल र भारतबीच सीमांकनका लागि सन् १९८१ मा 'नेपाल-भारत संयुक्त सीमा समिति' गठन भएको थियो, जसले सिमानामा सर्वेक्षक पठाई दुई देशबीच सहमति भएको नक्साका आधारमा सीमांकन गर्दछ । पारस्परिक सहमतिका आधारमा कुन-कुन सीमास्तम्भ कहाँ-कहाँ छन् भन्ने नमुना तयार पारिन्छ । ती सर्भेक्षकले त्यसैमा हस्ताक्षर गर्छन् । साथै उनीहरूले बिग्रे-भत्केका सीमास्तम्भ बनाउँछन्, हराएको ठाउँमा नयाँ सीमास्तम्भ गाड्छन् र नदीले डुबाएको खण्डमा सुरक्षित किनारमा स्थानान्तरण पनि गर्दछन् ।

काली नदीको सीमांकन गर्न सन् १९९७ मा 'नेपाल-भारत संयुक्त सीमा समिति'ले दुवै देशका उपमहानिर्देशको नेतृत्वमा संयुक्त कार्यदल गठन गर्ने निर्णय गरेको थियो । ब्रह्मदेवमण्डीदेखि लिपुलेकसम्म जिपीएस सर्वेक्षण गर्न यो कार्यदल सहमत भएको थियो । दुवै देशले तयार पारेको हवाई सर्वेक्षण नक्सा र फोटोग्रामेट्रिक तथ्यांक आदानप्रदान गर्ने सहमति पनि भएको थियो । विडम्बना, उक्त सिमामा सीमांकनको काम ठप्प छ । प्राय: सिमाना जोडिएका देशहरूमा सीमा विवाद हुने गर्छ । कतिपयले त्यसलाई विभिन्न माध्यमबाट टुंगो लगाउँछन् भने कतिपय युद्धसम्मै पुग्छन् । नेपाल-भारत सीमा विवादसँग मिल्दोजुल्दो दुई ओटा उदाहरण हामीलाई शिक्षाप्रद हुन सक्छन् । सम्बन्धित देशले ती सीमा विवाद अन्तर्राष्ट्रिय न्यायालयसम्म लगेका थिए । आइसिजेले गरेको फैसला मान्न ती मुलुक बाध्य भएका थिए ।

### नाइजेरिया-क्यामरुन विवाद

नाइजेरिया र क्यामरुनको सिमाना करिब एक हजार नौ सय ५० किमि (९६० किमि जमिन र ९९० किमि नदी) उत्तरमा चाडतालदेखि सुरु भएर गिनीको खाडीको पूर्वमा रहेको 'बाइट अफ बियाफ्रा'सम्म फैलिएको छ । सीमा विवादका कारण युद्धको संघारमा पुगेका यी देशले सन् २००२ मा अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे)ले जमिन, नदी र सामुद्रिक सीमा सम्बन्धमा दिएको फैसलालाई शान्तिपूर्ण तरिकाले लागु गरे । उक्त फैसला कार्यान्वयन गर्ने क्रममा उनीहरूले एउटा संयुक्त आयोग पनि स्थापना गरेका छन्, जसको नियमित बैठक संयुक्त राष्ट्रसंघको सुपरिवेक्षणमा एकअर्काका राजधानीमा हुने गर्छ । १२ जुन २००६ मा न्युयोर्कको ग्रिनट्रीमा क्यामरुन र नाइजेरियाका राष्ट्रपतिसँगै संयुक्त राष्ट्रसंघका महासचिव र पाँच ओटा साक्षी देशका प्रतिनिधि (फ्रान्स, जर्मनी, बेलायत, उत्तरी आयरल्यान्ड र अमेरिका)ले हस्ताक्षर गरेको सम्झौतापत्रकै आधारमा बकासी प्राय:द्वीपको ८० प्रतिशत भूभाग क्यामरुनले फिर्ता पायो । अगस्ट २००६ मा त्यहाँबाट क्यामरुनको सेना फिर्ता भयो भने बाँकी २० प्रतिशत भूभाग पनि २००८ मा क्यामरुनलाई दिइयो । चाड ताल, भू-सीमा, बकासी प्राय:द्वीप र सामुद्रिक सीमा गरी चारै क्षेत्रमा अदालतले दिएको आदेशलाई शान्तिपूर्ण कार्यान्वयन गरिएको छ ।

### कम्बोडिया-थाइल्याण्ड विवाद

दुई देशबीचको सिमानाको दायाँतर्फ अवस्थित प्रिह विहार क्षेत्रबारे विवाद भएको थियो । सुरुमा त्यो शिव मन्दिर थियो, जसलाई कालान्तरमा बौद्ध विहार भनियो । अहिले त्यो हिन्दू र बौद्ध दुवैले पूजा गर्ने मन्दिर हो । यस मन्दिर क्षेत्रलाई लिएर कम्बोडिया र थाइल्यान्डबीचको बढ्दो विवादले दुवै देशबीच राजनीतिक तनाव सिर्जना गऱ्यो र झन्डै युद्धको स्थितिसम्म पुऱ्यायो । तनावपूर्ण स्थितिका कारण दुवै देशका पर्यटक जान छाडेकाले मन्दिरको आय घटेको छ । एघारौं र बाह्रौं शताब्दीमा खमेर साम्राज्यका शासकले उक्त मन्दिरमा शासन गरेका थिए । कम्बोडियाली पहिचान नै खमेर हो । तर प्रिह विहार सधैं कम्बोडियाको नियन्त्रणमा थिएन ।

खासगरी सन् १७९४ मा खमेर अधिराज्य पतन भएपछि सियामिज अधिराज्य र त्यसपछिको आधुनिक थाई राज्यले पनि हडपेर शासन गरेको थियो । सन् १८६३ मा कम्बोडियाका राजा नोरोदमको अनुरोधमा कम्बोडिया फ्रान्सको संरक्षित राज्य बनेको थियो । त्यसलगत्तै, सियाम (थाइल्यान्ड) का राजाले खमेर राज्यको उत्तरी र पश्चिमी क्षेत्रका विशाल भूमिमाथिको आफ्नो दाबी छोडेका थिए, जसमध्ये प्रिह विहारसमेत पर्थ्यो । १८९३ मा भएको फ्रान्स-सियाम युद्धकपछि लाओस फ्रान्सको अधीनमा आयो । युद्धपछि फ्रान्सेली र सियामीबीच सन् १९०४ मा भएको सीमा सम्झौताअनुसार प्रिह विहारनजिकै डांग्रेक पर्वतको पानीढलो घेरा हुँदै उत्तरी सिमाना कोरिएको थियो ।

१९०७ मा फ्रान्सेलीहरूले प्रकाशन गरेको एउटा टोपोग्राफिकल नक्सामा पानीढलो रेखाबाट बंग्याएर सीमारेखा कोरियो, जसले प्रिह विहारलाई कम्बोडियातर्फ पाऱ्यो । थाइल्यान्डले उक्त नक्सा अस्वीकार गऱ्यो । नक्सामा जेजस्तो भए पनि यथार्थमा उक्त मन्दिर क्षेत्रमाथिको स्वामित्व पटक-पटक फेरिएको थियो । सन् १९५३ मा कम्बोडियामा फ्रान्सेली औपनिवेशिक शासन अन्त्य भएपछि मन्दिरको प्रशासकीय नियन्त्रण थाइहरूको हातमा पुगेको थियो । कम्बोडियाले सन् १९५८ मा अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा दायर गरेको थियो ।

क्रमश: पृष्ठ-३...




---

साझाकुरा

## हाम्रो कुरा

# द्रुतमार्गको लक्ष

रक्षामन्त्री मानवीर राईले काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजनाको काम लक्षित समयावधिमा सक्न सम्बन्धित सबैलाई निर्देशन दिएका छन् । रक्षा मन्त्रालयको प्रगति समिक्षामा मन्त्री राईले आयोजनालाई समयमै सम्पन्न गर्न सम्बन्धित सबैलाई निर्देशन दिए । उनले आर्थिक वर्ष २०८१/८२ मा द्रुतमार्गको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशतले वृद्धि भएको उल्लख गरे । मन्त्री राईका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्ममा आयोजनाको समष्टिगत प्रगति ४२.१३ प्रतिशत रहेको छ । काठमाडौं-तराई-मधेश द्रुतमार्ग निर्माणका लागि २०८३ साल चैत्र मसान्तसम्मको समयावधी तोकिएको छ । मन्त्री राईले रक्षा मन्त्रालयमार्फत् नेपाली सेनाले गरिरहेका निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको दाबी गरे । आर्थिक वर्ष २०८१/८२ मा काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजनाको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशत हासिल भई गत असारसम्मको समष्टिगत प्रगति ४२.१३ प्रतिशत हासिल भएको देखिन्छ । यसबाट द्रुतमार्गको निर्माणकार्यलाई लक्षित समयअवधिमा अर्थात २०८३ चैत्र मसान्तसम्ममा सम्पन्न गर्न चालु आर्थिक वर्षमा निकै मिहेनत गर्नुपर्ने देखिन्छ ।

२०६४ मा बुधुनेमा पहिलोपटक आधादर्जन मन्त्रीले पिक, साबेल चलाएर फास्टट्र्याक शीलान्यास गरेका थिए । पहिलोपटक शिलान्यास गर्दा यसको लागत ७४ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गरिने भनियो । त्यसपछि पाइलट ट्र्याक खन्न थालियो तर, कछुवागतिमा । एकदसकमा पनि पाइलट ट्र्याक खनेर सकिएन । दोस्रोपटक पुन शीलान्यास गरियो र १ खर्ब ७५ अर्ब रुपैयाँ लगानीमा सम्पन्न गर्ने भनियो । यो कुरा पनि मकवानपुरबासीले पत्याइदिए । फेरि तेस्रोपटक शीलान्यास भयो र लागत बढेर २ खर्ब १२ अर्ब रुपैयाँ पुऱ्याइयो । यो आयोजना सम्पन्न हुँदासम्म कति रुपैयाँ खर्च हुने हो त्यो अहिले नै भन्न सकिन्न । अपरतामाकोशी हाईड्रो सुरु गर्दा ३४ अर्ब रुपैयाँमा निर्माण गर्ने भनियो र सर्वसाधारणले सकेको सेयर खरिद पनि गरे । तर, आयोजना सकिने बेलामा लागत बढाएर ९० अर्ब रुपैयाँ पुऱ्याइयो । मेलम्ची खानेपानीको हालत पनि अपरतामाकोशी भन्दा झन कहालीलाग्दो छ । अझैसम्म पनि मेलम्ची सम्पन्न हुन सकेको छैन । काठमाडौंलाई तराइसँग जोड्ने फास्टट्र्याक नेपालको लागि 'गेम चेन्जर प्रोजेक्ट' मानिएको छ । तर, यसलाई पनि 'लैनोगाई' बनाउने प्रयास नहोला भन्न सकिन्न । राष्ट्रपति रामचन्द्र पौडेलले यो आयोजनालाई तोकिएको समयावधिभित्र पूरागर्न उच्चमनोबलका साथ काम गर्न नेपाली सेनालाई केही महिना अघिमात्र निर्देशन दिएका छन् । काठमाडौं, ललितपुर, मकवानपुर हुँदै बाराको निजगढमा पूर्वपश्चिम राजमार्गसँग जोडिने द्रुतमार्ग निर्माणपछि मुलुकको विकास र समृद्धिमा ठुलो योगदान पुग्ने अपेक्षा राखिएको छ ।

फास्टट्र्याकको भौतिक प्रगति हेर्दा तोकिएको समयभित्र सम्पन्न गर्न दिनरात काम गर्नुपर्ने हुन्छ । कुल ७१ किलोमिटर लम्बाइको फास्टट्र्याक २०८३ चैत मसान्तमा सम्पन्न गर्ने लक्ष्य छ । द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजनाअन्तर्गत ललितपुरमा ९, काठमाडौंमा ४.६, मकवानपुर ४९.७७ र बारामा ७.६ किमि सडक रहनेछ । द्रुतमार्गमा १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ रहने छ । ५८३ मिटरको मौरीभीर सुरुङको खरिद सम्झौताका लागि मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । यो सडकमा विभिन्न स्थानमा कुल १२.८८५ किमि लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । तीमध्ये ८५ स्थानमा निर्माण हुने पुलको खरिद सम्झौता सम्पनन भएको छ । ८१ मिटरसम्म अग्ला विभिन्न प्रकृतिका पुलको फाउण्डेसन तथा सबस्ट्रक्चर र सुपरस्ट्रक्चरको काम भइरहेको जनाइएको छ । आयोजनाका लागि कुल १७ हजार ६५१ रोपनी जग्गा अधिग्रहण गनुपर्नेछ । जसमा व्यक्तिगत जग्गा ५ हजार ४८७ रोपनी रहेको छ । बुदुनेमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक इनटरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

---

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ७ गते शनिबार २३ अगष्ट २०२५ । औंसी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:३१ । कुशेऔंसी/पिता सम्मान दिवस/बुवाको मुख हेर्ने । मोतीराम जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

### महिला पत्रकारको लागि प्रजनन स्वास्थ्य तथा सुरक्षित सुत्केरी प्रवर्द्धन कोषको शुभारम्भ

# नगरप्रमुख र उपप्रमुखद्वारा व्यक्तिगत रुपमा १०/१० हजार सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले स्थापना गरेको महिला पत्रकार प्रजनन स्वास्थ्य तथा सुरक्षित सुत्केरी प्रवर्द्धन कोषको बिहीबार औपचारिकरुपमा शुभारम्भ गरिएको छ ।




महिला पत्रकारको प्रजनन स्वास्थ्यउपचार र सुरक्षित सुत्केरी प्रवर्द्धनका लागि सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको कोषको हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा शुभारम्भ गरिएको हो । कार्यक्रममा नगरप्रमुख लामाले महिला पत्रकारको प्रजननस्वास्थ्य र सुरक्षित सुत्केरीका लागि महासंघले यस्तो कोष स्थापना गर्नु निकै प्रशंसनीय कार्य भएको बताइन् । उनले उपमहानगर महिलाको विषयमा निकै संवेदनशील रहेको उल्लेख गर्दै यो कोषले महिला पत्रकारको स्वास्थ्यसुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् । नगरप्रमुख लामाले हेटौंडा उपमहानगरपालिकाको तर्फबाट कोषमा पाँच लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरिन् ।

कार्यक्रममा उपप्रमुख बानियाँले महिला पत्रकारका लागि यो कोष सञ्चालन गर्नु ऐतिहासिक कदम भएको धारणा राखे । राज्यले महिलालाई प्राथमिकतामा राखेर काम गरिरहेको सन्दर्भलाई जोड्दै उनले उपमहानगरपालिका महिलाका विषयमा सहयोग गर्न सधैं तयार रहेको प्रतिबद्धता व्यक्त गरे । नगर प्रमुख लामा र उपप्रमुख बानियाँले व्यक्तिगत तर्फबाट कोषमा १०/१० हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरे । त्यसैगरी, महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी र ब्रोडकस्टिङ एसोसिएसन नेपालका वरिष्ठउपाध्यक्ष उज्ज्वल चौलागाईंले पनि कोषको प्रवर्द्धनका लागि १०/१० हजार रुपैयाँ सहयोगको घोषणा गरेका छन् ।

कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप विष्टले २ हजार र पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान उपाध्यक्ष सम्झना कार्कीले २ हजार रुपैयाँ सहयोग गरे । यसका साथै महासंघ मकवानपुर शाखाको कार्यसमितिको तर्फबाट ११ हजार रुपैयाँ कोषमा जम्मा भएको छ । कोषले मकवानपुरका महिला पत्रकारको प्रजननस्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा स्वास्थ्यकर्मी महासंघ मकवानपुरको तर्फबाट पत्रकार महासंघका लागि स्यानिटरी प्याड, सुत्केरी महिला पत्रकारका लागी खाद्यसामग्री प्रदान गरिएको छ । सहयोगी मन नेपालले पनि महासंघलाई ब्लड प्रेसर नाप्ने उपकरण सहयोग गर्नुका साथै प्रत्यक सुत्केरी पत्रकारलाई ५ लिटर तेल सहयोग गर्ने घोषणा गरेको छ ।

# 'मेगा इन्स्टालेसन एण्ड इन्डक्सन प्रोग्राम' को तयारी पूरा




साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ हेटौंडामा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ 'एस' नेपालको एरिया-२ द्वारा 'मेगा इन्स्टलेसन एण्ड इन्डक्सन प्रोग्राम' को तयारी पूरा भएको छ ।

पत्रकारहरुलाई जानकारी गराउँदै एरिया-२ का चिफ कोअर्डिनेटर पीएमजेएफ अमितकुमार शर्माले विशेष कार्यक्रम शुक्रबार दिउँसो १ बजे हेटौंडा-१, चौकोटोलस्थित हिमालयन दरबारमा हुने जानकारी गराए । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ 'एस' नेपालका डिष्ट्रिक्ट गभर्नर एमजेएफ विनय बस्नेत र हने उनले बताए । कार्यक्रममा हालै उत्कृष्ट कार्यकाल सम्पन्न गरेका आईपीडीजी पीएमजेएफ तासीडोल्मा तुम्बाहाङ्फे, पीडीजी तथा मल्टिपल डिष्ट्रिक्ट कमिटी चेयरपर्सन पीएमजेएफ अमरबहादुर श्रेष्ठ, पीएमसीसी पीएमजेएफ डा. रमेश अग्रवाल, पीडीजी एमजेएफ शम्भु नकर्मीसहित प्रतिष्ठित व्यक्तित्वको सहभागिता रहने शर्माले बताए ।

कार्यक्रमका मुख्य २ गतिविधि हुनेछन् । इन्स्टलेसन कार्यक्रममा विभिन्न लायन्स क्लबका नवनिर्वाचित अधिकारीलाई आधिकारिक रुपमा पदस्थापना गरिनेछ । इन्डक्सन कार्यक्रममा नयाँ सदस्यलाई लायन्स क्लबमा औपचारिकरुपमा सदस्यता प्रदान गरिनेछ । एरिया चिफ कोअर्डिनेटर शर्माका अनुसार यो अवसरलाई विभिन्न क्लबबीच आपसी सम्बन्ध सुदृढ बनाउँदै सामूहिक प्रतिबद्धता अभिव्यक्त गर्ने महत्वपूर्ण मञ्चका रुपमा लिइएको छ । यस अवसरमा लायन्स क्लबसँगै लियो क्लबहरुको संयुक्तरुपमा पदस्थापना तथा नयाँ सदस्य आबद्धता गर्ने कार्यक्रम रहेको कार्यक्रम संयोजक राजकुमार जोशीले जानकारी दिए ।

लायन्स क्लबको 'वी सर्भ' भन्ने मूलमन्त्रअनुसार सेवा, समर्पण, नेतृत्व र एकता भावनालाई यसले थप बलियो बनाउने अपेक्षा गरिएको जोशीले बताए । 'यसले युवा नेतृत्वलाई प्रोत्साहन गर्ने र नयाँ पुस्तालाई सेवामुखी यात्रामा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ,' उनले भने । पीएमजेएफ अमितकुमार शर्माका अनुसार कार्यक्रममा करिब २ सय ५० जना सहभागी रहने अपेक्षा गरिएको छ । उनले सबैको साथ, सहयोग र समर्थनको अपेक्षा गरेका छन् । लायन्स क्लब स्थापनाकालदेखि नै 'वी सर्भ' भन्ने मूलमन्त्रसहित समुदायमा निरन्तर सेवाकार्यमा सक्रिय रहँदै आएको छ ।

संस्थाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र सामुदायिक विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । कार्यक्रमले आफ्नो क्षेत्रका लायन्स सदस्यबीच एकता र सहकार्यको भावनालाई थप मजबुत बनाउने र भविष्यमा थप प्रभावकारी सेवाकार्यका लागि दिशा प्रदान गर्ने विश्वास लिइएको छ ।

# एक वर्षमै सहकारी संस्थाहरूको बचत कसरी दोब्बर बढेर ११ खर्ब नाघ्यो ?

काठमाडौं/सहकारी क्षेत्रको आकार दोब्बरभन्दा धेरै बढेको तथ्यांकले देखाएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा देशभरका सहकारी संस्थाको कुल बचत ४ खर्ब ७८ अर्ब रुपैयाँमात्रै भएकोमा एक वर्षकै अवधिमा करिब साढे ६ खर्बले बढेर गत आर्थिक वर्षको फागुन मसान्तसम्म सवा ११ खर्ब पुगेको हो ।




सहकारी क्षेत्र समस्यामा भएको अवस्थामा संस्थाहरूमा बचत थपिएको नभई अघिल्लो आर्थिक वर्षमा अत्यधिक संस्थाहरूले सरकारी प्रणालीमा रिपोर्टिङ गर्न थालेकाले बचत तथा कर्जाको यथार्थपरक तथ्यांक आएको सहकारी विभागका एक अधिकारीले बताए ।

विगत वर्षका तुलनामा रिपोर्टिङमा आउने सहकारी संख्या बढेकाले बचत तथा कर्जा बढेको देखिएको ती अधिकारीको भनाइ छ । विगतमा विभागको तथ्यांकभित्र समावेश नभएका सहकारी पनि गत वर्ष समावेश भएपछि बचत तथा कर्जा लगायत तथ्यांक बढेको देखिएको ती अधिकारी बताउँछन् ।

सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) सहकारीलाई अनिवार्य गराएपछि तथ्यांक फरक परेको उनको भनाइ छ । 'मालपोत र कर चुक्ताका लागि कोपोमिसमा रिपोर्टिङ अनिवार्य गरेको हुनुपर्ने नियम लागू भएपछि तथ्यांक नियमित हुँदा उल्लेख्य वृद्धि देखिएको छ,' ती अधिकारीको भनाइ छ ।

सहकारी विभागका अनुसार गत फागुनसम्ममा सहकारी क्षेत्रको कुल बचत ११ खर्ब २५ अर्ब २८ करोड पुगेको छ । अघिल्लो आव सहकारीहरूको बचत ४ खर्ब ७८ अर्ब ११ करोड रुपैयाँ थियो । साथै, देशभरका सहकारी संस्थाहरूले प्रवाह गरेको कुल कर्जा लगानी ९ खर्ब २३ अर्ब ७४ करोड पुगेको पनि सहकारी विभागको तथ्यांक छ । यस्तो लगानी गत वर्ष ४ खर्ब ५ अर्ब मात्रै देखिन्थ्यो । कोपोमिसमा रिपोर्टिङ अनिवार्य गरिएपछि कर्जाको आकार पनि दोब्बरभन्दा ठूलो देखिएको छ ।

२०७७/७८ मा २९ हजारमा झरेको सहकारी संख्यामा भने त्यसपछि क्रमिक सुधार आएको छ । गत फागुन मसान्तसम्म सहकारी संख्या ३२ हजार ९ सय ६५ पुगेको सहकारी विभागले जनाएको छ । विभागका अनुसार यी सहकारीले परिचालन गरेको निक्षेप ११ खर्ब माथि पुगेको हो । गत फागुनसम्ममा सहकारीका सेयर सदस्य संख्या १ करोड ९ लाख ५ हजार १ सय ९२ पुगेको छ । यो सदस्य संख्या अघिल्लो आवको तुलनामा करिब ३२ लाखले बढेको हो । अघिल्लो आवमा सहकारी सदस्य संख्या ७३ लाख ८३ हजार ५ सय २८ रहेको विभागले जनाको छ ।

विभागका अनुसार गत फागुनसम्ममा करिब ३३ हजार सहकारीको कुल सेयर पूँजी १ खर्ब ४३ अर्ब २९ करोड पुगेको छ । अघिल्लो आवमा सहकारीको कुल सेयर पूँजी ९४ अर्ब ७२ करोड रुपैयाँमात्र थियो ।

२०८१ असारसम्म सहकारी क्षेत्रमा ९४ हजार २ व्यक्तिले प्रत्यक्ष रोजगार पाएकोमा २०८१ फागुनसम्म आइपुग्दा यस्तो संख्या ९० हजार २ सय ६५ रहेको छ । पछिल्लो समय सहकारी सञ्चालक तथा व्यवस्थापकले बचतकर्ताको बचत अपचलन गर्ने तथा सहकारी क्षेत्रलाई नै बदनाम गराउन खोजेपछि यो क्षेत्रको रोजगारीमा जोडिनेको संख्या घटेको एक सहकारीकर्मीले बताए । सहकारी क्षेत्रको बढ्दो विकृतिका कारण यो क्षेत्रमा लाग्ने व्यक्तिसमेत निराश भएको ती सहकारीकर्मीको भनाइ छ । विभागका अनुसार सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणालीमा २०८१ असारसम्म १७ हजार ६ सय ९६ सहकारी संस्था आबद्ध भएकामा २०८१ फागुनसम्ममा १८ हजार ८ सय ९९ पुगेको विभागले जनाएको छ ।

देशलाई ग्रे लिस्टबाट बाहिर ल्याउन सहकारी विभागलाई तोकिएका कार्यमध्ये स्थलगत र गैर स्थलगत सुपरीवेक्षण दिग्दर्शन २०८२ स्वीकृत गरी लागु गरेको जनाएको छ । त्यसैगरी विभागले पछिल्लो तीन महिनामा स्थलगत र गैरस्थलगत सुपरीवेक्षण कार्ययोजना समेत लागु गरेको छ । सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी क्षमता अभिवृद्धि कार्ययोजना लागु गरेको विभागले जनाएको छ ।

सहकारी संघसंस्थाको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुन परिपालना अनुगमनपछि कैफियत देखिएका केही सहकारी संस्थालाई स्पष्टीकरण सोधी कार बाही गर्ने प्रक्रिया अगाडि बढाइएको समेत विभागले जनाएको छ । सहकारी संस्थामा जोखिममा आधारित सम्पत्ति शुद्धीकरण निवारणका लागि अनलाइन फारम मार्फत सहकारी संस्थाहरूको तथ्यांक संकलन गरी जोखिम वर्गीकरणको कार्य सुरु गरेको समेत विभागले जनाएको छ ।

# *लिपुलेकमात्रै होइन...*

फ्रान्सले तयार पारेको नक्सामा थाइल्यान्डको सुरुमा विमति नरहेको भन्दै न्यायालयले पनि सन् १९६२ मा कम्बोडियाको पक्षमा फैसला सुनाएको थियो । फैसलापछि सन् १९६३ मा कम्बोडियाली राजकुमार सिंहानुकले मन्दिरको अपनत्व ग्रहण समारोह आयोजना गरेका थिए । कम्बोडियाले सन् २००३ जुलाईमा उक्त मन्दिरलाई युनेस्कोको विश्वसम्पदा सूचीमा दर्ता गर्न खोज्दा पुन: सीमा विवाद बल्झियो ।

युनेस्कोले भने थाइल्यान्डको सघन विरोधका बाबजुद कम्बोडियाको आवेदन स्वीकार गऱ्यो । सोही समयमा प्रधानमन्त्रीले राजीनामा दिएपछि थाइल्यान्डमा राजनीतिक संकट सिर्जना भयो । पुस्तौंदेखि मन्दिर आसपास बसिरहेका कम्बोडिया र थाइल्यान्डका जनताबीच सिर्जना भएको यो विवाद उपनिवेशवादी शक्तिराष्ट्रले मनपरी ढंगले सिमाना कोर्दा सिर्जना भएका तनावहरूको एक उदाहरण हो ।

दुवै देशले मन्दिर क्षेत्रलाई समान अधिकार रहने 'विशेष सांस्कृतिक क्षेत्र' घोषणा गरी धार्मिक पर्यटनलाई अगाडि बढाएको भए स्थानीय जनताका लागि रोजगारी सिर्जना हुने थियो । यही कारणले दुई देशबीच सुमधुर सम्बन्ध कायम हुन पनि सक्थ्यो ।

**विवाद सुल्झाउने उपाय**

सीमा विवाद समाधान गर्न पहल गर्नुको सट्टा भारतले सन् २०१९ नोभेम्बरमा विवादित कालापानी क्षेत्रलाई आफ्नो नक्सामा समेट्यो । यो कार्यले नेपाली जनताको भावनालाई आघात पारे पनि भारतीय कदमविरुद्ध नेपाल सरकारबाट सुरुमा कुनै औपचारिक विज्ञप्ति जारी भएन । सन् २०२० को मेमा भारतीय रक्षामन्त्री राजनाथ सिंहले उत्तराखण्डको पिथौरागढदेखी लिपुलेक भन्ज्याङसम्मको ८० किमि सडकखण्ड निर्माण योजनाको उद्घाटन गरे । त्यसपछि नोभेम्बर २०२० मा नेपालले पनि लिपुलेक क्षेत्र आफ्नो सरहदभित्र पर्ने गरी नयाँ राजनीतिक नक्सा जारी गऱ्यो, जसलाई संसद्ले निर्विरोध अनुमोदन गऱ्यो ।

यो सीमा विवाद अन्त्य गर्न दुवै देशले नक्साको लडाइँ त्यागेर ठोस प्रयास गर्न जरुरी छ । जहाँसम्म नेपाली राजनीतिकर्मीको प्रसंग छ, उनीहरूले सुस्ता र कालापानीको मुद्दालाई राष्ट्रिय प्रतिष्ठाको योजना बनाई भारत सरकारसँग उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक पहल गर्नुपर्छ । यी मुद्दा सल्टाउन भारतसँग कूटनीति र संवाद दुवै उपाय अपनाउनुपर्छ । यी सीमा विवाद सल्टाउन नेपालले भारतसँग दुवै पक्ष सहमत भएको समय सीमा तोकी द्विपक्षीय सहमतिको माग गर्नुपर्छ ।

आफ्नो सानो छिमेकी सँगको सीमा विवाद सल्टाएर खुला फदयका साथ 'छिमेक पहिलो नीति' अवलम्बन गर्दा भारतको पनि हित नै हुन्छ । यस्ता झन्झटिला सीमा विवाद सल्ट्याउन भारतको तत्पर ताले ऐतिहासिक सम्बन्ध र लामो तथा खुला सिमाना भएका दुई देशको सम्पूर्ण सम्बन्ध पनि सहज हुनेछ । दुई देशले विश्वासको वातावरण सिर्जना गरी द्विपक्षीय वार्तामा बस्नुपर्छ । दुईपक्षीय वार्ता अपर्याप्त वा निष्कर्षविहीन भए संयुक्त राष्ट्रसंघको सहयोग लिन सकिन्छ । त्यो अवस्थामा यी दुई समस्या समाधान गर्न आइसिजे उत्तम थलो हुन सक्छ । हाललाई भने दुवै देश शान्त कूटनीतिमा सहभागी हुनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# गुरुशिष्य पाठशालामा शिक्षासँगै खेलकुद

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ हेटौंडा-१९, स्थित गुरुशिष्य पाठशाला बोर्डिङले शिक्षा फुटबल प्रशिक्षण सुरु गरेको छ । गुरुशिष्य बोर्डिङले शिक्षा मात्र नभई खेलकुदलाई समान महत्व दिने उद्देश्यसहित विद्यालयमै फुटबल प्रशिक्षण सुरु गरेको हो ।

विद्यालयमा अध्ययनरत विद्यार्थीलाई दैनिक दुईघण्टा फुटबल प्रशिक्षण दिइँदै आएको गुरुशिष्य पाठशाला व्यवस्थापन समितिका अध्यक्ष दिनेश चौलागाईंले जानकारी दिए । विद्यालयले हाल कक्षा ८ र ९ का २० जना विद्यार्थीलाई फुटबल प्रशिक्षण दिइरहेको अध्यक्ष चौलागाईंले बताए । चौलागाई मकवानपुर जिल्ला फुटबल संघका सदस्य समेत हुन् । बोर्डिङमा अध्यन्तरत विद्यार्थीलाई स्वस्थ्य राख्न, खेलको महत्व बुझाउन, खेलप्रतिको रुचि क्षमताको विकास गर्न र खेलाडी उत्पादन गर्न दैनिक २ घण्टा प्रशिक्षण दिने गरेको उनले बताए । प्रशिक्षण सहभागी खेलाडीले राम्रो प्रदर्शनी गरेर लगनशील भएका छन् ।

अध्यक्ष चौलागाईंका अनुसार, शिक्षासँगै खेलकुदलाई प्रोत्साहन गरेर विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिइएको छ । चौलागाई विगत १० वर्षदेखि मकवानपुरको फुटबल क्षेत्रमा सक्रिय रहँदै आएकोले अनुभवी प्रशिक्षक हुन् । उनकै नेतृत्वमा रियल स्टार युवा क्लबले जिल्लामा विभिन्न उपाधि जित्दै प्रतिभाशाली खेलाडी उत्पादनमा निरन्तर योगदान दिँदै आएको छ ।

उनले भने, 'शिक्षा मात्रै पर्याप्त हुँदैन, खेलकुदले अनुशासन, स्वास्थ्य, आत्मविश्वास र नेतृत्व क्षमताको विकास गर्छ । त्यसैले हामीले विद्यालयमै फुटबल प्रशिक्षणलाई अनिवार्यजस्तै गरेर अघि बढाएका हौं ।' खेलमैदानमा पसिना बगाउने यी विद्यार्थी अध्ययनमा मात्र नभई खेलकुदमा पनि उत्कृष्टता हासिल गर्ने लक्ष्यसहित अघि बढिरहेका छन् ।

विद्यालयस्तरमै फुटबल प्रशिक्षण सुरु भएपछि भविष्यमा अझ धेरै सक्षम खेलाडी उत्पादन हुने अपेक्षा छ । विद्यालयस्तरमै नियमित फुटबल प्रशिक्षण सुरु भएपछि भविष्यमा सक्षम र प्रतिस्पर्धी खेलाडी उत्पादन हुने अपेक्षा गरेको उनको भनाइ छ ।

प्रशिक्षणमा सहभागी विद्यार्थीले अहिले नै मैदानमा देखाएको कौशल र लगनशीलताले उनीहरूलाई आगामी दिनमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउने विश्वास विद्यालयले लिएको छ । कला, संस्कृति र चाडपर्वअनुसारका कार्यक्रम पनि नियमित सञ्चालन गर्दै आएको विद्यालयका प्रिन्सिपल आशिक कार्कीले बताए ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्री वृद्धाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुरको मकवानपुरगढी-३ मक्राञ्चुलीमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री वृद्धा महिलाको मृत्यु भएको छ ।

बुधबार बिहान मकवानपुर मकवानपुरगढी-३ फुट्सलचोकस्थित भित्री सडक खण्डमा मक्राञ्चुलीबाट हेटौंडातर्फ आउँदै गरेको ना४३प २०४० नम्बरको मोटरसाइकलले पैदलयात्री स्थानीय ९२ वर्षीया नन्दकुमारी न्यौपानेलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते न्यौपानेको हेटौंडामा उपचार सम्भव नभएपछि थप उपचारको लागि भरतपुरस्थित चितवन मेडिकल कलेज रिफर गरिएको थियो ।

चितवन मेडिकल कलेजले उपचार सम्भव नहुने जनाएपछि पुन: हेटौंडा ल्याई हेटौंडा-१ स्थित सहकारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । ठक्कर दिने मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

# वनको जग्गा खाली वा बुट्यान भए पनि वनकै नाममा रहने

काठमाडौं/वनको जग्गा खाली वा बुट्यान भए पनि वनकै नाममा रहने गरी भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक संसदीय समितिबाट पास भएको छ । प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले बिहीबार पास गरेको भूमि विधेयकको प्रतिवेदनमा यस्तो प्रावधान छ ।

विधेयकको प्रतिवेदनमा वनको जग्गा पुन: नक्साकंन हुन सक्ने भनिएको छ । नेकपा एमालेका सांसद सूर्यप्रसाद ढाकालका अनुसार २०६६ साल माघ २८ गते अगाडिदेखि जोतभोग हुँदै आएको जग्गाको हकमा वनको नाममा रहेछ भने पुन: नक्साकंन हुनेछ । तर मानव बसोबास नरहेको वनको जग्गा खाली वा बुट्यान रहेछ भने पनि वनकै नाममा रहनेछ ।

'तर, पुन: नक्साकंन गर्दा खाली रहेको क्षेत्र रहेछ भने नेपाल सरकारको नाममा ल्याउन पाइने छैन,' विधेयकको प्रतिवेदनमा प्रतिबन्धात्मक वाक्यांश राखेर भनिएको छ, 'यसरी पुन: नक्साकंन गर्दा अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गामा वन नभई खाली वा बुट्यान रहेछ वा वन्यजन्तुको संरक्षण वा व्यवस्थापनका दृष्टिले महत्वपूर्ण क्षेत्र रहेछ भने पनि सो जग्गा वन क्षेत्रमा नै कायम गर्नु पर्नेछ ।' अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गामध्ये संवत् २०६६ साल माघ २८ गते अगावैदेखि आबाद कमोतमा रहेको जग्गामात्र यकिन गरी एकपटकका लागि पुन: नक्साकंन गरी वन क्षेत्रबाट छुट्टयाई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा नपर्ने विषय प्रतिवेदनको अर्को बुँदामा भनिएको छ ।

# भदौ लागेपछि किन सुस्तायो सेयर बजार ?

काठमाडौं/विगत चार कारोबार दिनदेखि सेयर बजार एकल अंकमा घटबढ भइरहेको छ । सोमबार ९.१६ अंक बढेको बजार मंगलबार ६.५१ अंक बढ्यो । बुधबार फेरि ९.७० र बिहीबार ९.२२ अंक घट्यो । साउन १३ गते ३००२ अंकमा पुगेको बजार अहिले २७५७ मा छ । विगत तीन सातामा ८.१६ प्रतिशतले बजार घटेको छ ।

नेप्से परिसूचक एकल अंकको उतारचढावमा सीमित रहँदा कारोबार रकम पनि सुकेको छ । साउन ११ गते २६ अर्ब ५७ करोडको कारोबार भएकोमा अहिले यो ५ अर्बमा खुम्चिएको छ । सोमबार ६ अर्ब १७ करोडको कारोबार भएकोमा मंगलबार ५ अर्ब ६३ करोड, बुधबार ५ अर्ब २० करोड तथा बिहीबार ५ अर्ब २ करोडको भयो । यसरी कारोबार रकम पनि संकुचन हुँदै गएको छ । कारोबार रकम घट्दै जानुको अर्थ बिक्री पक्ष र खरिद पक्ष दुवै आक्रामक छैनन् भन्ने जनाउँछ । यसरी दुवै पक्षमा कारोबारको उत्सुकता नभएको देखिन्छ । बजार घट्दै गएकाले कारोबारी र लगानीकर्ता दुवै पर्खाइमा रहँदा कारोबार रकम खुम्चिएको स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्व अध्यक्ष भरत रानाभाट बताउँछन् ।

'बजार बढ्दै जाँदा नाफासहितको त्यहीं पैसा कारोबारीले घुमाइरहन्छन्, त्यसले कारोबार बढी हुन जान्छ, तर घट्दै जाँदा माथि खरिद गरेका पनि फसेका हुन्छन्, पैसा हुनेलाई पनि आँट आउँदैन, जसले कारोबार रकम स्वत: घट्न जान्छ' उनले भने । पैसा हुनेहरु पनि यतिबेला बजार अझै घट्ने आशमा पर्खिरहेका छन् भने बेच्ने पनि आत्तिएका छैनन् । 'अब कम्पनीहरुले लाभांश दिने बेला भएको छ, सबै पक्ष सकारात्मक पनि भएकाले बेच्नेहरु धैर्य भएका छन्' अर्कोतर्फ खरिद गर्नेहरु बजार थप घट्न सक्ने आशमा छन्' सेयर लगानीकर्ता सुवासचन्द्र ढुंगानाले भने ।

*(स्रोत: अनलाइनखबर)*

# आँसुमय बन्यो 'जनै हराएको मान्छे'को प्रिमियर

काठमाडौं/यही शुक्रबार (भदौ ६ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को प्रिमियर आँसुमय बनेको छ ।

बुधबार साँझ काठमाडौंको नयाँ बानेश्वरस्थित 'वान् सिनेमाज्'को दुईवटा अडिटोरियम 'बुक' गरेर आयोजना गरिएको प्रिमियरमा फिलमका कलाकारदेखि आमन्त्रित अतिथिहरूसम्म क्लाइमेक्सको दृश्यले हलभित्रै भक्कानिएर रोएका थिए ।

प्रिमियरमा सबैभन्दा धेरै फिल्मकी मुख्य अभिनेत्री केकी अधिकारीको आँसु बग्यो । उनले आफूलाई सम्हाल्नै नसक्ने अवस्था देखिएपछि हलभित्र एक महिलाले अंकमाल गर्दै सान्त्वना दिएकी थिइन् । सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा पनि उनको गला अवरूद्ध भएको थियो । छेवैमा रहेकी गायिका अञ्जु पन्तले उनलाई हातले थपथपाउँदै हिम्मत दिइरहेकी थिइन् ।

टिस्युले आँसु पुस्दै सञ्चारकर्मीसँग केकीले भनिन्, 'म आफ्नो फिल्म हेरेर कमै रोएको छु । किनकि, फिल्ममा हामीले के गरेका छौं भन्ने कुरा सबै थाहा हुन्छ । यो फिल्ममा चाहिँ थाहा छैन कसरी रुन पुगेँ । फिल्मको पात्रमा मैले आफ्नो बुबा र भाइलाई देखेर पनि हुनसक्छ । म छायांकन र डबिङको बेला पनि क्लाइमेक्सको पार्टमा रोएकी थिएँ ।'

गायिका पन्त पनि सञ्चारकर्मीसँग कुराकानीको क्रममा भक्कानिएकी थिइन् । उनले फिल्मको स्क्रिप्ट एकदमै राम्रो रहेको बताउँदै हरेक दृश्यमा आफू रोएको बताइन् । टिस्युले आँसु पुस्दै अञ्जुले भनिन्, 'यो फिल्म सबैले हेर्नुपर्छ । यसले परिवारको महत्त्व बुझाउँछ । श्रीमान्-श्रीमतीबीच आदर र सम्मान हुनुपर्छ भन्ने पनि देखाइएको छ । फिल्म साह्रै राम्रो बनेको छ ।'

प्रिमियरमा कलाकारहरू सुनिल थापा, जितु नेपाल, कमलमणी नेपाल, लोकेन्द्र लेखक, किरण श्रेष्ठ, निर्देशक डा. कपिल रिजाल, छायाँकार गौरीशंकर धुंजु, कवि तथा गीतकार विप्लव प्रतीक, स्क्रिप्ट राइटर प्रदीप भारद्वाज लगायतको पनि उपस्थिति रहेको थियो । फिल्मले बुवा, आमा र दिदी-भाईबीचको सम्बन्ध, सम्झना र जिम्मेवारीको कथा भनेको छ ।

हिमाल न्यौपानेको निर्देशनमा बनेको फिल्ममा केकीसहित विजय बरालसँगै मिरुना मगर, शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, सुमन थापा लगायतको अभिनय रहेको छ ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । यसमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ ।

# जलाधारक्षेत्रमा वर्षा नहुँदा कुलेखानी जलाशयमा पानीको सतह बढ्न सकेन

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/साउन महिना बितिसक्दा पनि जलाधार क्षेत्रमा वर्षा नभएका कारण यसपाली कुलेखानी जलाशयमा पानीको सतह बढ्न सकेको छैन ।



मनसुन सुरु भएदेखि मंगलबार अपराह्नसम्म कुलेखानी जलाशयमा केवल ९ मिटर मात्र पानीको सतह बढेको छ । सुक्खायाममा कुलेखानी जलाशयको पानीको सतह १ हजार ४ सय ८५ मिटरसम्म झरेको थियो । वर्षायाम सुरु भएपछि कुलेखानी जलाशयमा बुधबार अपराह्नसम्म १ हजार ४ सय ९४ दशमलव ५६ मिटर मात्र पानी संकलन भएको छ । गतवर्षको भदौ ४ गते कुलेखानी जलाशयको सतह १ हजार ५ सय १६ दशमलव ४७ मिटर पुगेको थियो । 'अहिलेको वर्षायाममा जलाधारक्षेत्रमा पानी नै परेको छैन,' कुलेखानी जलविद्युत् आयोजना प्रथमका प्रमुख तारादत्त भट्टले भने, 'साउन महिना बितिसक्यो, मौसमको छाँटकाँट हेर्दा यो वर्ष कुलेखानी जलाशय भरिन मुस्किलै छ ।'

कुलेखानी जलविद्युत् आयोजनाका अनुसार गतवर्ष साउन-भदौमा जलाशयमा दैनिक ५० देखि ७५ सेन्टिमिटरपानीको सतह बढ्थ्यो, अहिले मुस्किलले २० सेन्टिमिटर पनि बढ्दैन । हाल कुलेखानी जलविद्युत् आयोजना भोल्टेज व्यवस्थापनका लागि मात्र कहिलेकाहीँ सञ्चालन गरिएको छ । कुलेखानी जलाशयमा पानीको सतह नबढेकाले सुक्खायाममा विद्युत् उत्पादनमा समस्या मात्र होइन, मार्खु र चित्लाङमा आएका आन्तरिक एवम् बाह्य पर्यटकहरु पनि निराश भएर फर्किने गरेका छन् । कुलेखानी जलाशयको पानीले ढाक्ने मार्खु र सिम्लाङ क्षेत्रका जमिनमा हाल चौपायाहरु चरिरहेका छन् । विगतका वर्षमा पर्यटक त्यही स्थानमा रमाइलो गरेर मजा लिने गर्थे ।

'गतवर्षको असोज १० देखि १२ गतेसम्म जलाधारक्षेत्रमा परेको वर्षाले मात्र कुलेखानी जलाशय भरिएको थियो । त्यस्तो वर्षा नभए अहिले परेको पानीले जलाशय भरिँदैन,' कुलेखानी जलविद्युत् आयोजनाका एक वरिष्ठ प्राविधिकले भने । गतवर्षको असोज १०-१२ गते परेको पानीले जलाशय एक्कासि भरिएर कुलेखानीको ढोका खोल्दा तल्लो तटीयक्षेत्र सिस्नेरीको सडक, पुल र बस्तीमा क्षति पुगेको थियो । नेपाल विद्युत् प्राधिकरणको 'ब्याक अप'को रुपमा रहेको कुलेखानी जलाशय भरिएन भने विद्युत् प्राधिकरणलाई सुक्खायाममा विद्युत् उत्पादन र वितरणमा समस्या हुनेछ ।

मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिका, दामन, पालुङ, बज्रवाराही, चित्लाङ, इन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल जलाशयको जलाधारक्षेत्र हुन् । यो क्षेत्रमा अहिलेसम्म वर्षा पर्याप्त भएको छैन । कुलेखानी जलाशयको पानी १ हजार ४ सय ८४ मिटर तल झर्दासम्म प्रयोग गर्न सकिन्छ । जलाशयमा संकलन गरिएको पानीमध्ये ४६ मिटर मात्र विद्युत् उत्पादनमा प्रयोग गर्न सकिन्छ ।

कुलेखानी प्रथमबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको छ । कुलेखानी जलाशयमा संकलन गरिएको पानीबाट तीनै आयोजनाले विद्युत् उत्पादन गर्छन् । जलाशयको चौडाइ ३०० मिटर र लम्बाइ ७ किलोमिटर रहेको छ । कुलेखानी नेपालको ठूला योजनामध्ये एक जलविद्युत् उत्पादन गृह हो ।

# सिस्नुपानीको गाईजात्रा कार्यक्रम सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/सिस्नुपानी नेपाल मकवानपुरको आयोजनामा हेटौंडाको ओम्याक्स सिनेमा हलमा आयोजित सिस्नुपानी हास्यव्यंग्यमय गाइजात्रा कार्यक्रम २०८२ सम्पन्न भएको छ ।

गाइजात्रा पर्वको अवसरमा आयोजित यस कार्यक्रमले हास्य, व्यंग्य, गीत र कविताको अनुपम संगम प्रस्तुत गर्दै दर्शकहरुलाई मनोरञ्जनका साथै सामाजिक सन्देश प्रवाह गरेको थियो । हेटौंडा उपमहानगर पालिका-४ वडा कार्यालयको प्रवर्द्धनमा सम्पन्न कार्यक्रमको औपचारिक उद्घाटन सिस्नुपानी मकवानपुरका कार्यसमिति सदस्य र कलाकारले सामूहिकरुपमा राष्ट्रियगान गाएर गरेका थिए । सभाध्यक्षको भूमिकामा रहेका सिस्नुपानी मकवानपुरका अध्यक्ष संप्रस पौडेलले कार्यक्रमको उद्देश्य र महत्वलाई हास्यव्यंग्यको शैलीमै प्रस्तुत गरेका थिए ।

हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले कार्यक्रमलाई 'नितान्त फरक र पृथक शैलीको' भन्दै प्रशंसा गरेका थिए । उनले रमाइलो मात्र नभएर कामका साथमा नयाँपन देखाउने आवश्यकता औंल्याउँदै कलाकारलाई सहयोग र हौसला दिन आग्रह गरेका थिए । हेटौंडा उपमहानगरप्रमुख मीना लामाले नगरपालिकाको चौतर्फी विकास कार्यक्रमको जानकारी दिँदै वडाको कार्यशैलीको प्रशंसा गरिन् । उनले गाइजात्रा पर्वको शुभकामना दिँदै यस्ता कार्यक्रमबाट समाजमा सकारात्मक सन्देश लिनुपर्ने आवश्यकता रहेको बताइन् ।

कार्यक्रम गाइजात्रा पर्वलाई सम्मान गर्दै स्वागत नृत्यबाट सुरु भएको थियो । कार्यक्रमका मुख्य आकर्षणमा राजकुमार लामिछानेले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै दर्शकलाई हास्यमा डुबाएका थिए । सागर तिमल्सिनाले 'चारैतिर आँखा नचाइ' गीतमार्फत व्यंग्यात्मक प्रस्तुति दिएका थिए । आशाकाजी श्रेष्ठ, डीबी बतौला, सुवास सजल, विशेषता अधिकारी र रीता लामाको सामूहिक प्रस्तुति 'मर्निङ वाक' हास्यव्यंग्य प्रहसनले चियाको पैसा नतिर्ने तर, देशका ठूला गफ गर्ने मानसिकतालाई व्यंग्य गरेको थियो ।

सुमार्गी हुमागाईले 'रामजाने' गीतमार्फत राजनीतिक व्यंग्य प्रस्तुत गर्दै 'देश लुटेर खाएका अब के खान्छौ' भन्ने शक्तिशाली अभिव्यक्ति दिएका थिए । उनैले समाचार क्यारिकेचर सहित राजनीतिक घटनाक्रम उजागर गर्दा हलभरि हाँसोको आवाजले गुञ्जायमान बनाएको थियो । गोविन्द पौडेलले हास्यव्यंग्य कविताको माध्यमबाट वर्तमान प्रेमी-प्रेमिकाको अवस्थालाई रमाइलो शैलीमा व्यंग्य गरेका थिए भने गहन खतिवडाले 'वीरपूर्खाले आर्जेको बोल' गीतमा फरक अंदाज प्रस्तुत गरेका थिए ।

गायक अजर फुयाँलले प्यारोडी गायन प्रस्तुत गर्दै दर्शकलाई नृत्यमा मस्त बनाएका थिए । कार्यक्रमको वाद्यवादनमा प्रलय चौलागाईं, विश्वराज अधिकारी, सुनिल केसीलगायत कलाकारले उत्कृष्ट सांगीतिक साथ प्रदान गरेका थिए । हास्य, व्यंग्य, गीत, कविता र नाटकको संगम बनेको यस सिस्नुपानी हास्यव्यंग्यमय गाइजात्रा कार्यक्रम २०८२ लाई सहभागी तथा दर्शकले 'भव्य, सभ्य र सन्देशमूलक' रहेको प्रतिक्रिया दिएका छन् । कार्यक्रमले मनोरञ्जनका साथै सामाजिक चेतना जगाउने काममा महत्वपूर्ण भूमिका खेलेको दर्शकदीर्घाको मत रहेको थियो ।

# संघसंस्था ऐनको मस्यौदाप्रति महासंघको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/नेपाल सरकारले तयार पारेको संघसंस्था ऐन २०८२ को मस्यौदाप्रति गैरसरकारी संस्था महासंघ नेपालले गम्भीर आपत्ति जनाएको छ ।

महासंघले सरकारले सर्वसाधारणबाट राय संकलनको नाममा अघि बढाएको प्रक्रिया पारदर्शी नभएको र यसले नागरिकस्वतन्त्रता, सहभागिता र पारदर्शितामा ठेस पुर्‍याउने ठहर गरेको छ । 'नेपाल सरकार गृह मन्त्रालयद्वारा राष्ट्रिय निर्देशन ऐन २०१८, संस्था दर्ता ऐन २०३४ र समाज कल्याण ऐन २०४९ लाई एकीकृत गरी संघसंस्था ऐन २०८२ को मस्यौदामाथि सर्वसाधारणको राय सुझाव माग गरिएकोमा यसको प्रक्रिया र मस्यौदामा समावेश प्रावधानप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ,' महासंघद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

महासंघले नागरिकलाई संघसंस्था सञ्चालन तथा सहज बनाउने आवश्यकता भएपनि सरकारले ल्याएको मस्यौदाले नागरिकको अधिकार कटौती गर्ने प्रयास भएको जनाएको छ । विशेष गरी सहजीकरण गर्ने नाममा अनावश्यक प्रशासनिक झन्झट थपिएको, विभिन्न सरकारी निकायमा अनावश्यक अधिकार केन्द्रीकरण गरिएको र यसले संघसंस्थाको स्वतन्त्रता, दिगोपन र सहज सञ्चालनमा असर पार्ने ठहर महासंघले गरेको छ ।

'नागरिक संघसंस्थालाई प्रवर्द्धन र सहजीकरण गर्न ऐनको आवश्यकता छ भन्ने कुरामा हामी प्रष्ट छौं । तर, नागरिक संघसंस्था तथा सरोकारवाला निकायसँग कुनै परामर्श नगरी तथा कुनै प्रक्रियामा समावेश नगराई ल्याइएको मस्यौदाप्रति हामी सहमत हुन सक्दैनौं, विज्ञप्तीमा भनिएको छ, 'विगतका सहमतिलाई समेत बेवास्ता गरी, मस्यौदाका अधिकांश प्रावधानले नागरिक संघसंस्थालाई थप संकुचित पार्ने, संस्थालाई सहजीकरण तथा सबलीकरण गर्नुको सट्टा नियन्त्रण गर्ने र नागरिक सहभागिताको भूमिकालाई कटौती गर्ने उद्देश्यबाट अभिप्रेरित मस्यौदाले नागरिक स्वतन्त्रता, समावेशिता र पारदर्शिताको साझा मूल्यमा समेत प्रहार गरेको छ ।'

गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराई र महासचिव देवी खड्काले संयुक्त विज्ञप्ति जारी गर्दै सरोकारवालासँग वृहत छलफल गरी कानून बनाएर सहजरुपमा काम गर्ने वातावरण बनाउँन माग गरिएको छ । मस्यौदाले अनावश्यक प्रशासनिक झन्झट थप्दै विभिन्न सरकारी निकायमा धाइराख्नुपर्ने प्रावधान प्रस्ताव गरेको भन्दै महासंघले मस्यौदा अग्रगामी भन्दा पनि बढी पश्चगामी र झन्झटिलो देखिएको ठहर गरेको छ ।

मस्यौदा लोकतान्त्रिक मूल्य मान्यता, संवैधानिक अधिकार र नागरिक स्वतन्त्रतालाई संकुचन गर्ने खालको भएको भन्दै विज्ञप्तीमा गम्भीर असहमति व्यक्त गरिएको छ । प्रस्तावित मस्यौदालाई संघसंस्थामैत्री बनाई सम्बन्धित सरोकारवालासँग वृहत छलफलको प्रक्रियाबाट मौलिकहक र अधिकारको सम्मान गर्दै संघसंस्थाका लागि कार्यमूलक वातावरण सृजना गर्नका लागि नेपाल सरकार, गृह मन्त्रालयसँग गैसस महासंघले जोडदार माग गरेको छ ।

# ६२० मिलिग्राम लागूऔषध सहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/मकवानपुर प्रहरीले लागूऔषध कारोबारमा संलग्न भएको आशंकामा दुई युवालाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकाहरुको साथबाट लागूऔषध खैरोहेरोइन ६२० मिलिग्राम बरामद गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-३, लेवटक्षेत्रमा शंकास्पद अवस्थामा रहेका दुई युवालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-३ का २५ वर्षीय दिपेश सुनार र वडा नं. १३ का २६ वर्षीय शुसान्त थोकर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

उनीहरुलाई खानतलासी गर्दा लागूऔषध फेला परेको प्रहरीले जानकारी दिएको छ । बरामद लागूपदार्थसहित दुवै जनालाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालत, हेटौंडाबाट म्याद अनुमति लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# २ सय ७४ जनाले गरे रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/नेकपा एमाले निकटको भातृसंगठन युवा संघ नेपाल मकवानपुरले हेटौंडामा बृहत रक्तदान कार्यक्रम गरेको छ ।

कार्यक्रममा २ सय ७४ जनाले रक्तदान गरेका छन् । हेटौंडाको हुप्रचौरमा कार्यक्रम गरिएको हो । कार्यक्रमको नेकपा एमालेका मुख्य सचेतक तथा मकवानपुर क्षेत्र नम्बर २ का सांसद महेशकुमार वर्तौलाले उद्घाटन् गरे । रगतको अभावमा रहेकाहरुलाई जीवन दिने अभियानका साथ कार्यक्रम गरिएको युवा संघ मकवानपुर अध्यक्ष राजेश नगरकोटीले बताए । रक्तदान कार्यक्रममा बिभिन्न क्षेत्रका व्यक्तित्वको सहभागिता रहेको थियो ।

# अनेमसंघ (समाजवादी) द्वारा तिज विशेष कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/अनेमसंघ (समाजवादी) जिल्ला कार्यसमिति हेटौंडाको आयोजनामा तिज विशेष कार्यक्रम सम्पन्न भएको छ ।



संघकी जिल्ला अध्यक्ष शुक्रदेवी बलको सभाध्यक्षता तथा अनेमसंघ (समाजवादी) की केन्द्रीय अध्यक्ष मुनु सिग्देलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय अध्यक्ष सिग्देलले पुराना क्रान्तिकालीन गीतको स्मरण गर्दै महिलाको हकअधिकारका लागि विगतमा गरिएको संघर्ष र त्यसका उपलब्धिलाई उजागर गरिन् । महिलाले ३३ प्रतिशत अधिकार प्राप्त गर्नासाथ प्रमुख पदमा नेतृत्व लिन सफल भएको बताउँदै, 'महिलामा एकता रहे समाज परिवर्तन गर्न सक्छौं, तीजमा रमाइलोसँगै देश चिन्तन गर्नु आजको आवश्यकता हो,' भन्दै सचेत गराइन् ।

नेकपा (एकीकृत समाजवादी) का पोलिटब्युरो सदस्य घनप्रसाद गौतमले महिलाको एकता मुलुक परिवर्तनको मूल आधार हुने उल्लेख गरे । विदेशिन बाध्य नेपाली युवाशक्ति रोक्न देशमै रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिँदै उनले महिलाले समाज र मुलुक परिवर्तनमा सक्रिय नेतृत्व लिनुपर्ने धारणा राखे । पार्टीका केन्द्रीय सदस्य राजाराम स्याङ्तानले चाडपर्व मनाउने नाममा संस्कार बिर्सेर कुलतमा फस्ने प्रवृत्ति बढिरहेको भन्दै सचेत रहन आग्रह गरे । जिल्ला अध्यक्ष बिष्णु दाहालले चाडपर्वमा भड्किलोपन भन्दा पनि समाज र संस्कृतिलाई सुहाउँदो तरिकाले उत्सव मनाउनुपर्नेमा जोड दिए ।

सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न कार्यक्रममा प्रगतिशील लेखक संघकी केन्द्रीय उपाध्यक्ष शान्तिप्रिय बन्दनाले चेतनामूलक मुक्तक र कवितावाचन गरेकी थिइन् भने दोहोरी सांस्कृतिक समूहले गीत र नृत्य प्रस्तुत गरेका थिए । सहभागी पनि गीतको तालमा नाच्दै रमाएका थिए । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, पार्टीका केन्द्रीय सल्लाहकार परिषद् सदस्य यादव गजुरेल, प्रदेश सदस्य कल्पना विश्वकर्मा, रामेश राई, जिल्ला उपाध्यक्ष ध्रुब भुजेल, सचिव किशोर बर्तौला, सचिवालय सदस्य रघुप्रसाद आचार्य, नगरअध्यक्ष बिष्णुमाया लामालगायत पदाधिकारी तथा संघसंगठनका प्रतिनिधिको सहभागिता रहेको थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



Hetauda Sub-Metropolitan City
**Office of The Municipal Executive**
Hetauda, Makawanpur
Bagmati Province, Nepal

**Invitation forSealed Quotation**

**Second Date ofPublication: 2082/05/06 B.S. (22nd August, 2025)**

Hetauda Sub-Metropolitan City, Hetauda, Makawanpur invites only electronic bids for the procurement of following Goods underSealed Quotation (SQ).

| S.N. | IFB No. | Name of the Project | Price of Document | Last Date of Submission | Opening Date | Bid Security/Validity |
|---|---|---|---|---|---|---|
| 1. | HSMC/GOODS/ 09/081/82 | Procurement, Supply, and deliveryofStreet Light | NRS.1,000.00 | 2082/05/22 B.S. (7th Sept, 2025) 12:00 Hours | 2082/05/22 B.S. (7th Sept, 2025) 14:00 Hours | NRs. 50,000.00 75 Days |

Eligible bidders may obtain further information from Hetauda Sub-Metropolitan City Office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
**Tel: 057-523045, 057-523076**
**E-mail: info@hetaudamun.gov.np, planning@hetaudamun.gov.np**

**Chief Administrative officer**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना